मिति २०८०।०६।२१ र २२ गते राष्ट्रिय किसान आयोगको आयोजनामा "संघ र प्रदेशवाट संचालित कृषि विकास कार्यक्रमको प्रभावकारी कार्यान्बयन सम्बन्धमा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी" राष्ट्रिय फलफूल विकास केन्द्रको सभाहलमा आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूको अध्यक्षता र राष्ट्रिय किसान आयोगका नि.सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितबाट संचालन भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवज्यू, राष्ट्रिय योजना आयोगका सह सचिवज्यू, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,सुदुरपश्चिम प्रदेशका सचिवज्यू, पशुपन्छी तथा माछा विकास निर्देशनालयका नि.निर्देशकज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,मधेश प्रदेशका महाशाखा प्रमुखज्यू, नेपाल कृषि अनुसन्धान केन्द्रका वरिष्ठ बैज्ञानिकज्यू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनका निर्देशकज्यू, कृषि र पशुसेवा विभागका प्रतिनिधिज्यू, राष्ट्रिय आलु तरकारी तथा मसलावाली केन्द्रका नि.प्रमुखज्यू, राष्ट्रिय फलफूल विकास केन्द्रका प्रतिनिधिज्यू, कृषि क्षेत्र विकास कार्यक्रमका प्रतिनिधिज्यू, समशितोषण वागवानी केन्द्रका प्रतिनिधिज्यू, विषयगत कृषि सहकारीका प्रमुख तथा प्रतिनिधिज्यूहरु, किसान संघ संगठन संजालका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कृषक समूह एवं संचारकर्मीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा संघबाट संचालित कृषि विकास कार्यक्रमको बारे जानकारी दिने उद्धेश्यले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल कृषि अनुसन्धान परिषद र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट कार्यपत्र प्रस्तुत भएको थियो भने प्रदेशबाट संचालित कृषि विकास कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, चुनौती एवं समाधानका उपायहरु सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो भने बिभिन्न संघ, संस्थाबाट प्रतिनिधित्व गर्नुभएका सहभागीहरुबाट जिज्ञासा एंव सुझाव राख्नुभएको थियो।

कार्यक्रमको अन्तमा कार्यक्रमका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूले सहभागीहरुलाई धन्यवाद दिदैं सहभागीबाट प्राप्त सुझावहरु लिपिबद्ध गरी सरोकारवाला निकायहरुमा कार्यान्वयनको लागि पहल गरिने जानकारी दिदैं कार्यक्रमको समापन गर्नु भयो।


संघ र प्रदेशबाट संचालित
कार्यशाला गोष्ठी
राष्ट्रिय किसान आयोग


संघ र प्रदेशबाट संचालित
कृषि विकास कार्यक्रमको प्रभावकारी
कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको
कार्यशाला गोष्ठी
राष्ट्रिय किसान आयोग


संघ र प्रदेशबाट संचालित
कृषि विकास कार्यक्रमको प्रभावकारी
कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको
कार्यशाला गोष्ठी


संघ र प्रदेशबाट संचालित
कृषि विकास कार्यक्रमको प्रभावकारी
कार्यान्वयन सम्बन्धमा राष्ट्रियस्तरको
कार्यशाला गोष्ठी
राष्ट्रिय किसान आयोग